नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा
केशरमहल, काठमाण्डौं

प्रकाशन मितिः२०७७/१०/१९

**M.Sc. in Natural Resources Management and Rural Development विषयको छात्रवृत्तिमा मनोनयनका लागि दरखास्त मागसम्बन्धी अत्यन्त जरुरी सुचना**

वन विज्ञान अध्ययन संस्थान अन्तर्गत काठमाडौं फरेष्ट्री कलेज प्रा.लि.बाट २०७७ सालको लागि M.Sc. in Natural Resources Management and Rural Development विषयमा अध्ययनका लागि दुई (२) सीट छात्रवृत्ति प्राप्त भएकोमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।१०।१९ को निर्णयानुसार साधारण तर्फ १ सिट र आरक्षण तर्फ महिला १ सिट गरी समूहगत सिट विभाजन भएको हुँदा वन विज्ञान अध्ययन संस्थान, पोखराबाट स्नातकोत्तर तहको भर्नाका लागि लिइएको २०७७ सालको प्रवेश परीक्षामा छनौट भई मेरिटलिष्टमा (Merit List) मा नाम समावेश भएका उक्त छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक नेपाली विद्यार्थीहरूले मिति २०७७।१०।२० देखि २०७७।१०। २६ गते सम्म देहायका बुँदामा उल्लेख गरेबमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा,केशरमहल, काठमाण्डौंमा दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त नमूना यसै साथ संलग्न छ ।

१) आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ । दरखास्त फारम शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा,केशरमहल, काठमाण्डौंबाट पनि प्राप्त गर्न सकिने छ ।

२) राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरूले राजस्व वापतको रकम रु १००० एक हजार राष्ट्रिय वाणिज्य बैङ्क काउन्टरमा कार्यालय कोड नं ३५०००३५०१ तथा राजश्व शीर्षक नं १४२२९ मा दाखिला गरी सो भौचर निवेदनसाथ बुझाउनु पर्नेछ । भौचरको नमूना यसै सूचनाको पृष्ठ भागमा दिइएको छ ।

३) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

- पूर्ण रूपमा भरिएको आवेदन फाराम
- राजस्व बुझाएको सक्कल भौचर
- नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- त्रिभुवन विश्वविद्यालय अन्तगर्तका वन विज्ञान अध्ययन संस्थान पोखराले सञ्चालन गरेको प्रवेश परीक्षाको रोल नम्बर Rank / Merit, विषय,
- स्नातक तह र १० जोड २+प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको transcript वा मार्कसिटका साथ pass verification certificate/degree provisional certificate/migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट प्रतिशत/ग्रेड खुलाएको पत्र समेत पेस गर्नुपर्ने छ ।

- ❖ एसएलसीको मार्कसिटको प्रतिलिपि
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

**४) आरक्षण समूह तर्फको लागि**

(क) SLC/SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक सरकारी हो भनी शिक्षा विकास तथा समन्वय इकाइ वा स्थानीय सरकारले प्रदान गरेको सिफारिस पत्र

(ख) सम्बन्धित व्यक्ति बसोबास गरेको गा.वि.स./न.पा./उपमहानगरपालिका वा महानगरपालिकाले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमवली, २०६० को अनुसूची १ ख अनुरुपको ढाँचामा (तल दिइएको) मिति २०७७ साल  माघ २० गते देखि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७७।१०।२६ सम्ममा जारी गरेको विपन्नताको सफारिस पत्र ।

(ग) आरक्षणका लागि पेश गर्नुपर्ने कागजात प्राप्त हुन नआएमा आरक्षण तर्फको दरखास्त अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने व्यहोरा जानकारी गराइन्छ ।

५) योग्यताक्रमः

रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरूको वन विज्ञान अध्ययन संस्थान पोखराले २०७७ सालमा सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको आधारमा नियमानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय साधारण तथा आरक्षण समूहको योग्यता क्रम कायम गरिने छ ।

६) विपन्नताको सिफारिसको ढाँचा

अनुसूची-१ख.

(नियम १३क. को )उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
केशरमहल, काठमाडौं

विषय –विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति÷नातिनी श्री ........................ .. को छोरा÷छोरी ............ जिल्ला ................ गा.वि.स.÷न.पा.÷उ.म.न.पा÷म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री÷सुश्री÷श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,–

सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः

# बैङ्क भौचरको नमूना

बैंकको छाप

अनुसूची ३.१

## राष्ट्रिय वाणिज्य बैंक लि.

शाखा कार्यालय ........................ नमूना

### राजश्व दाखिला फाराम (Deposit Slip)

दाखिला फाराम (Deposit Slip) नं. **01087128** मितिः ----------------------

एकल खाता रहेको बैंक शाखाः राष्ट्रिय वाणिज्य बैंक

बैंक खाता नं.:

कार्यालयको कोडः ३ ५ ० ० ० ३ ५ ०१

कार्यालयको नामः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

राजश्व शिर्षक नं.: १ ४ २ २ ९

दाखिला भएको रकम रू.:

अंकमाः १००० /-

अक्षरमाः एक हजार रुपैंया मात्र

आय वर्षः २०७७/ २०७८

श्रोतमा कर कट्टीः हो ☐ होइन ☐

बापतः छात्रवृत्ति दस्तुर बापत

भुक्तानीको प्रकारः नगद/चेक/ड्राफ्ट/विद्युतिये ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखाः

दाखिला गर्ने फर्म/व्यक्तिको नामः विद्यार्थीको नाम

ठेगाना/फोन नं. समेत विद्यार्थीको ठेगाना सम्पर्क नं

भ्याट/पान नं.

विद्यार्थीको सही

रकम दाखिला गर्नेको सही

बैंकले भर्नेः दाखिला रकम ..............................

भौचर नं.

शिर्षक

मिति

प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ । यस्तो फारम कर राजश्वको हकमा रातो र गैर कर राजश्वको हकमा सेतो हुने छ । RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ ।

दरखास्त फारम

रु १० को हुलाक टिकट टाँस गर्ने

दर्ता नं
मिति
(कार्यालय प्रयोजन)

उम्मेदवारको फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

विषयः मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।

प्रस्तुत विषयमा, यस मन्त्रालयद्वारा मिति २०७७/१०/१९ मा प्रकाशित सूचना अनुसार M.Sc. in Natural Resources Management and Rural Development विषयक स्नातकोत्तर तहमा अध्ययन गर्न योग्य भएको र बनविज्ञान अध्ययन संस्थान पोखराले संचालन गरेको २०७७ सालको प्रवेश परीक्षामा मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचना अनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित रु.१०।-को हुलाक टिकट समेत टाँस गरी दरखास्त पेश गरेको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. वन विज्ञान अध्ययन संस्थान पोखरा

**नम्बर**

| योग्यता क्रम (Rank) | अङ्क | अक्षर | रोल नं | प्राप्ताङ्क | अङ्क | अक्षर |
|---|---|---|---|---|---|---|
| नेपाली | | | | नेपाली | | |
| अङग्रेजी | | | | अङग्रेजी | | |

**आवेदन गरेको समूह**

| क सं | समूह | सामुदायिक | अन्य विद्यालय |
|---|---|---|---|
| १ | साधारण | | |
| २ | महिला | | |

निवेदकः नामथरः .................................... Name in English ....................................................

जन्म मिति विक्रम संवत् ..................................ईश्वी संवतः .................................

दरखास्त दिंदाको बखतको उमेरः .................वर्ष सम्पर्क फोन.नं/मोवाईल नं. ................................

इमेल ...........................

अभिभावकको नाम थर .........................................सम्पर्क फोन न/मोवाइल नं. .........................................

माथि लेखिएको व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानूनवमोजिम सहुँला बुझाउँला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.npबाट लिई तोकिए वमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहिछाप गरेको छु ।

दस्तखत............................. मिति: ...........................................................................

| दायाँ | बायाँ |
|---|---|
| | |